# भूमे साप्ताहिक

वर्ष ६ अङ्क १३ २०८१ भदौ ०९ आईतबार

## सम्पादकीय

# गुणस्तरीय सेवा प्रवाहमा भूमेले उत्कृष्ट हासिल गर्दै

विकट क्षेत्रहरू मध्ये एक मानिने एउटा यस्तो क्षेत्र छ। जहाँ आधारभूत विकासका पूर्वाधार अहिलेसम्म पूर्ण रूपले सुविधा पुग्न सकेको छैन्। जहाँ मोबाइल नेटवर्क भरपर्दो छैन्, इन्टरनेटको राम्रो सुविधा छैन्, यो अभाव र कठिनाइका बिचबाट भूमे गाउँपालिकाले गाउँपालिकावासीलाई सकेको सम्म भरपर्दो सेवा प्रवाह गर्दै आएको छ। विकट क्षेत्र भएकै कारण निकै चपेटा परेको भूमेली नागरिकको काँचुली भूमे गाउँपालिकाले फेर्दै गइरहेको छ। जसको कारण पालिकाको सेवा प्रवाह प्रति नागरिक पनि सन्तुष्टि छन्, जसको कारण होला कार्यसम्पादनमा पनि उत्कृष्ट पालिकाको रूपमा स्थापित हुँदै आएको छ।

गत आर्थिक वर्षको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा जिल्लामै अब्बल पालिका बनेको छ। पुथाउत्तरगंगा गाउँपालिकाले ७२ अंक र सिस्ने गाउँपालिकाले ६२ अंक प्राप्त गर्दा भूमे गाउँपालिकाले ८०.५० अंक प्राप्त गरी जिल्लाको पालिकाहरूमा कार्यसम्पादनमा पहिलो बनेको हो। सबैभन्दा पहिले यहाँको वस्तु स्थिति, जनताको पीडा, मर्का बुझेर पालिकाले काम गर्दै अगाडि बढ्दा गाउँपालिकाले सफलता हासिल गर्दै आएको छ। भरपुर सेवामा रातदिन नभनि जनप्रतिनीधि, राष्ट्रसेवक कर्मचारीले कठिनाईका बाबजुदमा पनि कुशलताका साथ काम गर्दै जादा पालिका अब्बल नजिताको भाग्यदार बनेको छ।

यस गाउँपालिकालाई स्मार्ट पालिका बनाउनमा सफलता हासिल भइरहेको छ। कसै पनि नागरिक सरकारी कार्यालयबाट सेवा ल्याउन नछुटुन भन्ने लक्ष्यको साथ गाउँ–गाउँमा पुगेर एकीकृत घुम्ती शिविर सेवा सञ्चालन गर्दा नागरिकलाई खुसी मिल्नु भनेको गाउँपालिकाको ठूलो उपलब्धी हो। गरिब, दलित र जनजातिको बसोबास रहेको यहाँ सडक, शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रको नाजुक अवस्थाबाट सबल बन्दै छन्। पालिका सडक पूर्वाधार, शिक्षा, स्वास्थ्य र खानेपानीमा जनताको पहुँच वृद्धि तर्फ लागि परेको छ।



**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# स्थानीय तहको स्वमूल्याङ्कन : रुकुमपूर्पमा भूमे अब्बल, पुथाउत्तरगङ्गा दोस्रो

### *भूमेको ८०.५०, पुथाउत्तरगङ्गाको ७२ र सिस्नेको ६२ अङ्क प्राप्त*



❖ **भूमे साप्ताहिक संवाददाता**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा रुकुमपूर्वका ३ वटा पालिकामध्ये भूमे गाउँपालिकाले सबैभन्दा बढी अङ्क प्राप्त गर्दै पहिलो बनेको छ। आर्थिक वर्ष २०७९/०८० स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा अनुसार भूमे गाउँपालिकाले ८०.५० अङ्क प्राप्त गरेको हो। मन्त्रालयले बिहीबार प्रकाशित गरेको सूचना अनुसार पुथाउत्तरगंगा गाउँपालिकाले ७२ अङ्क प्राप्त गर्दै दोस्रो हुँदा सिस्ने गाउँपालिकाले ६२ अङ्क प्राप्त गरेको छ।

भूमेमा ९ वटा वडा छन् भने पुथाउत्तरगंगामा १४ र सिस्नेमा ८ वटा वडा रहेका छन्। भूमे गाउँपालिकाले जिल्लामा सबै भन्दा बढी अङ्क प्राप्त गर्दा सिस्ने गाउँपालिकाले सबै भन्दा कम अङ्क प्राप्त गरेको छ। मन्त्रालयले प्रशासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायियिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा

विपद् व्यवस्थापन, सहकार्य र समन्वय गरी १० वटा सूचक बनाएर स्थानीय तहको स्वमूल्याङ्कन नतिजा प्रकाशित गर्दै आएको छ। प्रशासकीय प्रबन्धमा ८.५, संगठन तथा प्रशासनमा ६.७५, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनमा ८.२५, वित्तीय एवं आर्थिक व्यवस्थापनमा १०.२५, सेवा प्रवाहमा १३.७५, न्यायियिक कार्य सम्पादनमा ५, भौतिक पूर्वाधारमा ६.५, सामाजिक समावेशीकरणमा ९.५, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ६.२५ र सहकार्य तथा समन्वयमा ५.७५ गरी भूमे गाउँपालिकाले जम्मा ८०.५० अङ्क प्राप्त गरेको छ।

यसैगरी पुथाउत्तरगंगा गाउँपालिकाले प्रशासकीय प्रबन्धमा ९, संगठन तथा प्रशासनमा ७.२५, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनमा ५, वित्तीय एवं आर्थिक व्यवस्थापनमा ६.५, सेवा प्रवाहमा १०.२५, न्यायियिक कार्य सम्पादनमा ५, भौतिक पूर्वाधारमा ७.२५, सामाजिक समावेशीकरणमा ९.२५, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ७.५ र सहकार्य तथा समन्वयमा ५ गरी जम्मा ७२ अङ्क प्राप्त गरेको छ। भने सिस्ने गाउँपालिकाले प्रशासकीय प्रबन्धमा ८, संगठन तथा प्रशासनमा ५.७५, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनमा ६.७५, वित्तीय एवं आर्थिक व्यवस्थापनमा ८.२५, सेवा प्रवाहमा ११.२५, न्यायियिक कार्य सम्पादनमा ५, भौतिक पूर्वाधारमा ४.५, सामाजिक समावेशीकरणमा ६.२५, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ३.५ र सहकार्य तथा समन्वयमा २.७५ गरी ६२ अङ्क प्राप्त गरेको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्य प्रक्रिया र उपलब्धिको लेखाजोखा गरी शासकीय प्रक्रिया विकास व्यवथापनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू पहिचान गर्ने, आवधिक समीक्षाको आधार प्राप्त गर्ने र स्थानीय सरकारबीच स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्देश्यले कार्यान्वयनमा रहेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजाको गुणस्तर परीक्षणको कार्य गर्दै आएको छ।

# भूमे गाउँपालिकाद्वारा निःशुल्क कम्प्युटर कक्षा सञ्चालन

*कम्प्युटर शिक्षा लिन गाउँपालिका भित्र ५५ जना विद्यार्थी सहभागी*




❖ <u>भूमे साप्ताहिक संवाददाता</u>

रुकुमपूर्वको भूमे गाउँपालिकाले पालिका भित्र एसइई र कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीका लागि निःशुल्क आधारभूत कम्प्युटर कक्षा बुधबार देखि सुरु गरेको छ।विद्यार्थीले निजी कम्प्युटर कक्षा केन्द्रमा गएर कम्प्युटर सिक्दा विद्यार्थीले महँगो शुल्क तिनुपर्ने बाध्यतालाई मध्य नजर गरेर पालिका भित्रका रहेका सबै विद्यार्थीलाई प्राविधिक धार तर्फ दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले गाउँपालिकामा निःशुल्क कम्प्युटर कक्षा सञ्चालन गरिएको छ।पालिका भित्रका इच्छुक विद्यार्थीलाई एसइई उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, पासपोर्ट साइजको दुई प्रति फोटो र व्यक्तिगत निवेदन सहित गाउँपालिकाले साउन ३२ गतेसम्म आवेदन दिन सूचना जारी गरेर बुधबार एक कार्यक्रमको बिच उद्घाटन गरिएको हो।



अहिलेको जमना विज्ञान प्रविधिको युग भएकोले प्रविधिमा जोड्न गाउँपालिकाले सम्पूर्ण विद्यार्थीलाई क्षमतावान बनाउको लागि कम्प्युटर कक्षा सञ्चालन गरिएको उद्घाटन कार्यक्रमको प्रमुख अतिथि भूमे गाउँपालिका उपाध्यक्ष सबिना बुढा मगरले बताउनुभयो। सबै कामकाजमा आधारभूत कम्प्युटर शिक्षाको आवश्यक हुँदै आएकोले उपस्थित विद्यार्थीहरुलाई राँम्रोसँग सिक्न उपाध्यक्ष बुढाले अनुरोध गर्नु भएको छ। आधारभूत कम्प्युटर कक्षा लिनका लागि विद्यार्थीले जिल्ला सदरमुकाम रुकुमकोट जानु पर्ने बाध्यता थियो। गाउँपालिकाले सोचेको भन्दा राम्रो ज्ञान आर्जन गर्न सम्पूर्ण विद्यार्थीलाई उहाँले आग्रह गर्नुभएको छ।

गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयबाट एसइई र कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीलाई कम्प्युटर कक्षा सञ्चालन गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलालविकले बताउनुभयो। आधारभूत कम्प्युटर कक्षा कोर्स सक्न एक महिना समय लाग्ने बताउनुभयो।

५५ जना विद्यार्थीले आवेदन दिएका थिए। उक्त विद्यार्थी नै कम्प्युटर कक्षा लिइरहेका छन्।

दुई समूहमा विभाजन गरेर पढाउने योजना बनाएको बिकले बताउनुभयो। एक महिना अवधिमा आधारभूत तहको कम्प्युटर शिक्षा प्रदान गर्ने उहाँको भनाइ रहेको छ। निःशुल्क आधारभूत कम्प्युटर शिक्षा सञ्चालन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सबिना बुढाले उद्घाटन गर्नु भएको हो। गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल विक, स्वास्थ्य शाखाका जनस्वास्थ निरीक्षक उपेन्द्र यादव, सूचना प्रविधि अधिकृत जनक ओलीको उपस्थिति रहेको थियो। भने कार्यक्रमको सञ्चालन गाउँपालिकामा कार्यरत सहायक पाचौं चेतन बुढा मगरले गर्नु भएको थियो।

# प्रधानमन्त्री रोजगार कार्यक्रमले विपन्न परिवारलाई रोजगारी

## *सय दिन बराबरको रोजगारीले विकासे काममा महिलाको सक्रिय सहभागी*

❖ बालाराम शेर्पाली




लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुमपूर्वमा स्थानीय तहले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीयवासीलाई रोजगारी दिँदै आएको छ। बेरोजगारलाई रोजगारी दिन सरकारले सुरु गरेको उक्त कार्यक्रमलाई जिल्लाको भूमे गाउँपालिकाले प्राथमिकताका साथ विगतका वर्षदेखि नै सञ्चालन गर्दै आएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा भूमे गाउँपालिकामा ६ सय १९ जनाले बेरोजगार सूचिकृतका लागि आवेदन दिएका थिए। जसमा चार सय २१ जना महिला र एक सय ९८ जना पुरुषले बेरोजगार सूचिकृतका लागि निवेदन दिएका थिए।

आवेदन आएको मध्ये एक सय चार जना महिला र २६ जना पुरुष गरी एक सय ३० जनाले रोजगार पाएको भूमे गाउँपालिका रोजगार संयोजक विनोद विकले जानकारी दिनुभयो। विकको अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त भएको ५० लाख र गाउँपालिका साझेदारी कार्यक्रमको १५ लाख गरी कुल ६५ लाख बजेट खर्च भएको हो। यस वर्ष भूमे गाउँपालिका भित्र विभिन्न २० वटा योजना निर्माण गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत गोरेटो बाटो निर्माण, खेलमैदान निर्माण, सार्वजनिक शौचालय निर्माण लगायतका काम गर्ने गरिएको संयोजक विकले बताउनुभयो। वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रममा बेरोजगारको फाराम खुलेको थाहा पाए लगत्तै भूमे–३ का कर्मकुमारी सुनारले नागरिकता र एक प्रति फोटो लिएर वडा कार्यालय पुगेर बेरोजगारको फाराम भर्नुभयो। एकासी वडा कार्यालयबाट रोजगारीमा छनोट परेको खबर प्राप्त भयो।

घरको आर्थिक अवस्था निकै कमजोर भएको कारण सय दिन बराबरको काम पाउँदा उहाँको मन निकै खुसी भयो। काम गरी सके पश्चात् करिव ६४ हजार भन्दा बढी रकम खातामा आएको रकमले उधारो तिरनतारन गर्नुभयो। छोरा छोरीका लागि किताब कापी, झोला र पोसाक किन्नुभयो र, घरखर्च चलाएको सुनारले मात्रै होइन। यो कार्यक्रमको ज्याला रकम पाएपछि अर्का लयनकुमारी सुनारले पनि घरखर्च चलाउन सहज भएको बताउनुभयो। भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले यस कार्यक्रमले रोजगारी सिर्जनासँगै विकास निर्माणमा प्रभावकारी भूमिका खेलेको बताउनुभयो। रोजगारीको पहुँच नपुगेका व्यक्तिहरूले पनि रोजगारी प्राप्त गरेका छन्।

अध्यक्ष श्रेष्ठले भन्नुभयो, “अति विपन्न, दलित, महिला, आदिवादी जनजाती, उत्पीडित, उपेक्षित वर्ग तथा समुदायका बेरोजगारहरूले आफ्नै गाउँठाउँमा रोजगारी प्राप्त गर्नको लागि नागरिकको मौलिक र रोजगारीको हकको कार्यान्वयन भएकोछ।”पछिल्लो समय प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत हुने विकास निर्माणका काममा पुरुष भन्दा महिला अब्बल हुन थालेका छन्। प्रायःजसो घरको काममा मात्रै सीमित रहने यस क्षेत्रका महिला अहिले भने विकास निर्माणमा सक्रिय सहभागी हुन थालेको गाउँपालिकाले जनाएको छ। बिहान घरको काम सकेर दिनभर विकास निर्माणमा सहभागी हुँदा महिलालाई ज्ञान र सीपका साथै आर्थिक उपलब्धि प्रधानमन्त्री रोजगार कार्यक्रमले देखाएको छ।

# रुकुमपूर्वको विभिन्न गाउँका नागरिक अझै टेलिफोन सुविधाबाट वञ्चित

## *फोन गर्न डाँडाकाँडा तिर*

❖ <u>भूमे साप्ताहिक संवाददाता</u>

रुकुमपूर्वमा अधिकांश गाउँमा टेलिफोन सुविधा नहुँदा स्थानीयलाई सास्ती भएको छ। अधिकांश ठाउँमा मोबाइल नेटवर्कले काम नगर्ने भएकाले स्थानीय बासिन्दा विगत देखि सास्ती भोग्दै आएका छन्। गाउँमा टेलिफोन नेटवर्कले काम नगर्दा स्थानीय बासिन्दालाई डाँडाकाँडा तिर गएर फोन गर्नुपर्ने बाध्यता रहेको छ।

जिल्लाको तीन स्थानीय तहमध्ये सिस्ने, भूमे र पुथाउत्तरगङ्गा गाउँपालिकाको विभिन्न गाउँ बस्तीका स्थानीयवासी विगत देखि टेलिफोन सुविधाबाट टाढा रहेका छन्। नेटइन्टरनेटको जमनामा हात–हातमा मोबाइल फोन भए पनि टेलिफोन सुविधा नहुँदा सामाजिक सञ्जाल चलाउन पाएका छैन्।



पुथाउत्तरगङ्गा गाउँपालिका–१४ राङ्सीका नागरिक घर भन्दा टाढा रहेका आफन्तसँग मोबाइलबाट कुराकानी गर्न कहिल्यै पाउन सकेका छैन्। दिनभर कामकै चटारोले विदेशमा रहेका दाई–भाईलाई हालखबर सोधन समय मिलाएर वडा कार्यालय धाउने गरेको पुथाउत्तरगङ्गा –१४ राङ्सीका वडाध्यक्ष द्रवेश बुढामगरले बताउनुभयो। भौगोलिक विकटताले ठगिएको जिल्ला रुकुमपूर्वमा प्रमुख समस्या भनेको टेलिफोन रहेको वडाध्यक्ष बुढामगरले बताउनुभयो। यहाँका नागरिकलाई सामाजिक सञ्जालमा जोड्नको लागि आफूले सके जति मन्त्रालय सम्म पुगेर प्रमुख समस्या हल गर्न पहल गर्दै आएको उहाँले बताउनुभयो।

यसैगरी भूमे गाउँपालिका – ८ महिबाङमा सञ्चालनमा रहेको नेपाल टेलिकमको सेवा बेलाबेलामा अवरुद्ध हुँदा फोन गर्नलाई डाँडाकाँडा धाउने गरेको स्थानीय बिपना रोकाले बताउनुभयो। कुनै मोबाइलमा त झन टावर नै टिप्दैन त्यसकारण टेलिफोन सेवा प्रभावकारी हुन नसकेको रोकाले जानकारी दिनुभयो। रोकाले भन्नुभयो, नेपाल टेलिकमको टावर गाउँकै माथिल्लो डाँडामा रहेको छ। तर, पनि टावर घाम डुब्दै जान्छ। घाम लागेको दिन दिनभर नेटवर्कले काम गर्छ, घाम नलाग्दा दिउँसो पनि कामै गर्दैन्। घाम लाग्दा दिनभर काम गरेपनि बेलुकीपख मोबाइलको नेटवर्क नै नहुने समस्याले यहाँका नागरिकले दुःख पाइरहेको भूमे–८ का वडाध्यक्ष दिनेश रोकाले बताउनुभयो। उहाँका अनुसार राति कोही बिरामी पर्दा या समस्या परेमा एम्बुलेन्स भएको ठाउँसम्म हिँडेरै गएर बोलाउनु पर्ने बाध्यता रहेको छ। रोकाले भन्नुभयो, "नेटवर्कको समस्या समाधान गरिदिन भन्दै पटक पटक सम्बन्धित निकायमा जानकारी गरायौं, तर कुनै पहल भएन।" यस्तै भूमे–१ र ७ को विभिन्न गाउँमा पनि टेलिफोन सेवा नहुँदा त्यहाँका नागरिकले सास्ती खेप्दै आएका छन्।

# सडक छेउमा रोपिएका बिरुवाको काटछाँट र सरसफाई



हावापानी र माटोको बनावट हेरेर ४ नं. वडाको काँडा देखि काँक्रीसम्म मध्यपहाडी लोकमार्गको ५ किलोमिटर दुरीमा लोकमार्ग छेउछाउमा विभिन्न प्रजातिका बिरुवा रोपिएको थियो।सडक

**रुकुमपूर्व** भूमे गाउँपालिकाको केन्द्र खाबाङ बगर देखि २ नं. वडाको काँक्रीसम्मको सडक खण्डमा रोपिएका बिरुवाको काट छाँट तथा सरसफाइ भूमे गाउँपालिका निवर्तमान अध्यक्ष रामसुर बुढाले गर्नुभएको छ।दुई किलोमिटर सडक खण्डमा रोपिएको धुपीका एक सय वटा बिरुवाको काट छाँट तथा त्यस वरपर रहेको झाडी सफाइ गरिएको उहाँले बताउनुभयो।२०७५ साल अर्थात् बुढा पालिका अध्यक्षमा निर्वाचित भएको एक वर्षपछि रोपिएको थियो।आफू पालिका अध्यक्ष भएको समयमा रोपिएका बिरुवा सात वर्षपछि आफैले गोडमेल गरेको बुढाले बताउनुभयो।

हरियाली बनाउने उद्देश्य सहित ग्रिन करीडोर कार्यक्रम अन्तर्गत बिरुवा रोपिएको थियो।दश दिनको समय खर्चिएर धुपी सल्लाका बिरुवा काट छाँट तथा झाडी सफाइ गरिएको बुढाले बताउनुभयो।साँझ बिहान गाई फर्मको रेखदेख गर्ने र दिउँसोको समयमा बिरुवा काट छाँट गरिएको उहाँको भनाई छ।बिरुवा रोपिए देखि यो वर्ष पहिलो पटक बिरुवाको काट छाँट तथा सरसफाइ गरिएको हो।अब प्रत्येक वर्ष यस कार्यलाई निरन्तरता दिने बुढाको भनाई रहेको छ।सडक छेउमा रोपिएका बिरुवाले पर्यावरणीयका साथै पर्यटकीय रूपमा समेत अर्थ राख्ने उहाँले बताउनुभयो। ***स्रोत :कखरा खबर***

# शिक्षा सुधारका लागि शिक्षक मात्र नभई सबैले असफलताका कारण पत्ता लगाउँदै सफताका लागि अघि बढ्नु पर्छ : मावि चुनबाङका प्रअ डाँगी



**नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भूमे -९ चुनबाङ प्रधानाध्यापक एकराज डाँगी**

**विद्यार्थीलाई पाठ्यपुस्तकको ज्ञानको साथसाथै अन्य चौतर्फी ज्ञानमा सक्षम गर्न कस्तो कदम चाल्नु भएको छ ?**

हामीले पढाउने अनि प्रश्न पत्र निर्माण गरी परीक्षा गरेर मात्र विद्यार्थीको उपलब्धी मापन गर्न सकिदैन्। विद्यार्थीको शारीरिक रुपमा, मानसिक रुपमा, भौतिक रुपमा साथै प्रकृतिसँगै जुध्न सक्ने भए की भएन् भन्ने कुरा मुख्य हो। हाम्रो विद्यालयले विद्यार्थीहरुको चौतर्फी विकासको लागि साप्ताहिक तथा अतिरिक्त क्रियाकलाक सञ्चालनबाट विद्यार्थीको क्षमता मापन गर्ने र उनीहरुलाई रुचि अनुसारको पठनपाठन गर्ने, रचनात्मक कार्यमा प्रेरित गर्ने विद्यार्थीहरुको समग्र विकासमा जोड दिने कार्यमा शिक्षकको हरदम प्रयास भइरहेको छ। हामी लागेका छौं।

**गुणस्तरीय शिक्षा र विद्यार्थीको प्रतिभालाई प्रोत्साहन गर्न कस्तो कार्य गरिराखु भएको छ ?**

सबै विद्यार्थीका क्षमता एकै हुदैनन्। कसैको क्षमता पढ्ने हुन्छ। कसैको लेख्ने कला हुन्छ। कसैको रचना गर्ने हुन्छ भने कुनै विद्यार्थीको चित्रमा अब्बल हुन्छन्। भने कुनै विद्यार्थी नेतृत्व गर्ने क्षमता रहेको हुन्छ। हाम्रो काम विद्यार्थीको पहिचान गर्ने हो। त्यती मात्र होइन क्षमता अनुसारको शिक्षा दिने दायित्व हाम्रो हो। त्यो प्रकृया प्रभावकारी बनाउको लागि विद्यार्थीको प्रतिभालाई सम्मान गर्ने अभिलेखिकरण गर्ने कुनै उत्सवमा विद्यार्थीलाई प्रोत्साहन गर्ने गर्नुपर्दछ। अहिले हामीले विद्यार्थीको प्रतिभा पोत्साहनको लागि शिक्षक, कर्मचारी विद्यार्थी प्रोत्साहन कार्यविधि २०८१ विद्यालय व्यवस्थापन समितिबाट प्रमाणीकरण गरी कार्यान्वयनको लागि कदम चालेका छौं। हरेक शैक्षिक सत्रको अन्तमा विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको छ। जसले पक्कै पनि प्रतिभाको प्रोत्साहन गर्ने छ।

**शिक्षकले अँध्यारोबाट उज्यालो प्रकाशको ज्ञान प्रत्याभूति नगरेर व्यक्तिगत स्वार्थमा बढी केन्द्रित भएको देखिन्छ किन हो ?**

शिक्षा भनेको विकासको मेरुडण्ड हो। शिक्षा विनाको विकास हुटुट्याउले आकाश थाम्छु भने झै हुन्छ। शिक्षकले ज्ञानको उज्यालो प्रकाश नदिएर व्यक्तिगत स्वार्थमा लागेका छन् भन्नु भएको। यो कुरा एकात व्यक्तिको हकमा हुन सक्छ। तर सबैमा यस्तो कुरा हुँदैन्। शिक्षक जिम्मेवार हुने वा नहुने, शिक्षक समाजको प्रतिविम्वित हुन वा नहुने कुरा वातावरणको हो। कस्तो वातावरणमा हुर्केको छ त्यस्तो हुनै पर्छ हजुरले देखेको शिक्षक त्यहि पर्न सक्छ। हाम्रो विद्यालयको कुरा गर्नु भएको हो भने हिजो के थियो त्यो कुरा इतिहासमा दर्ज भएको होला। इतिहास पढ्ने इच्छा हुनेहरुले पढ्ने कुरा भयो। आज जहाँ म छु त्यो विद्यालयमा पठनपाठनमा सहजिकरण गर्ने आदरणीय शिक्षकहरु काम गर्ने कर्मचारीहरुले आफ्नो दायित्व पूरा गर्ने कुरामा कुनै लेखाजोखा गर्नु भएको छैन्। सबै शिक्षक तथा कर्मचारीहरु आफ्नो कर्तव्यमा पूर्ण जिम्मेवार र जवाफदेही हुनु हुन्छ। हुनु पर्छ।

**तपाईको विद्यालय संघीय सरकारबाट नमूना विद्यालय घोषित भएको हो ? नमूना विद्यालयको नजिता शून्य हुनुको दोष कसको हो ?**

हाम्रो विद्यालय नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भूमे–९, चुनबाङ रुकुमपूर्व नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०७६/०७७ को बजेटबाट नमूना विद्यालयको रुपमा ४२२ वटा मध्ये भूमे गाउँपालिकामा एक मात्र नमूना विद्यालयको रुपमा छनोट भइ कार्यक्रम सञ्चालन भएको विद्यालय हो। अर्को तपाईको जिज्ञासा नतिजा शुन्य किन ? हाम्रो विद्यालयको नतिजा शुन्यता छैन्। वस्तुको रुप र सार हुन्छ रुपमा हेर्यो भने कहिले काँही शुन्य जस्तो लाग्छ तर सारमा त्यो सत्य होइन्। गहिराइमा पुगेर भौतिक पक्ष हेर्नु भयो भने कक्षा सञ्चालनको लागि पुग्ने कक्षा कोठा छन्। पुस्तकालयमा पुस्तकालय सहायक कर्मचारी सहितको करिव ३ हजार पुस्तक सहितको व्यवस्थित पुस्तकालय छ। विज्ञान तथा कम्प्युटर प्रयोगशाला करिब ३० जना विद्यार्थी एकै पटक सहजै प्रयोगात्मक काम गर्न सक्ने गरी व्यवस्थापन गरिएको छ। विद्यालयको आफ्नै शैक्षिक हल बनेको छ। आर्थिक पक्ष कुरा गर्ने हो भने आजको दिने सम्म विद्यालय ऋणमा छैन्। शैक्षिक पक्ष कुरा गर्ने हो भने हाम्रो विद्यालयमा करिव ६ सय विद्यार्थी पठनपाठन गर्छन्। तपाईको प्रश्न कक्षा १० मा किन सबै विद्यार्थीहरु ग्रेड वृद्धिमा परे भन्न खोज्नु भएको हो भने त्यसका कारणहरु भन्नुपर्दा बाहिर र भित्र धेरै होलान त्यतातिर नजाउ बरु त्यस घटनाक्रमले हामीलाई सचेतनाको लागी साइरन बजाइ दिएको छ। हामी सचेत भएका छौं। साथै हामीले आफ्नो तर्फबाट समीक्षा पनि गरेको छौं। त्यति मात्र होइन् असफताका कारणहरु पनि खोज्ने प्रयास गरेका छौं। कुनै यस्तै अर्को अवसरमा छलफल गरौंला।

**शिक्षा सुधार कसरी गर्न सक्नु हुन्छ ? विद्यालयमा शिक्षक नियमित उपस्थिति नभएको पाइन्छ ? कारण के होला ?**

तपाई सुधारका कुरा गर्नु हुन्छ। भने जुनसुकै क्षेत्रमा पनि लगानीको आवश्यकत पर्दछ। शिक्षामा सुधार गर्न अभिभावको प्रत्यक्ष लगानी विद्यालयमा अनिवार्य छ। तर त्यो कुरा हाम्रो पहुँचमा छैन्। जहाँ लगानी हुन्छ त्यहाँ खवरदारी हुन्छ। सुधार उसै हुन्छ। तपाई सचेत पत्रकार हो अनुसन्धान गर्नुहोस् कुनै एउटा पक्की भवन लगातार ५ वर्ष मानिस त्यो घरमा बसेन्न् भने त्यो घर भत्किन्छ होला त्यो त निर्जिव वस्तु हो। किन त्यस्तो भयो होला ? शिक्षा त प्राणीहरुको भोगाइको भट्टिबाट प्राप्त हुने ज्ञान हो। यहाँ कम लगानीले पुग्दैन्। मानिसको स्वाभाव साँवाको भन्दा ब्याजको धेरै आशा गर्ने प्रवृत्ति हुन्छ। यसको तालमेल मिलाउन सके शिक्षामा सुधार गर्न सकिन्छ। हाम्रो विद्यालयमा सबै शिक्षक कर्मचारीको उपस्थितिमा वर्षभरी गर्ने कामको खाका तयार गरेका छौं। कसैले कसैलाई अराउनु पर्ने परिस्थिति आउने छैन्। शिक्षक कर्मचारीले पाउने विदालाई अधिकार हैनन् सहुलियत हो। भन्ने कुरामा हामी विश्वस्थ छौं। यसकारण हाम्रो विद्यालयमा शिक्षककमा नियमितमा समस्या छैन्।

**शिक्षामा स्वस्थ वातावरण र सिर्जनशील परिवेश कसरी जुट्न सक्ला ?**

शिक्षामा स्वस्थ वातावरण आफ्नै जुटाउने हो त्यो भनेको पाठ्क्रमले निर्दिस्ट गरेको विषयवस्तु समयअनुकूल सिकारुलाई सिकाउने आफुले गरेको काममा सन्तुष्टि हुने एकले अर्काको सम्मान गर्ने सबैको अस्तित्वको सम्मान गर्ने गर्नु पर्दछ। सिर्जनशील परिवेश जुटाउन हालको पाठ्क्रमको मूल मर्म सिर्जनशील र रचानात्मकतामा आधारित छ। त्यो पाठ्क्रमले दिएको विषयवस्तुमा सिकारुलाई केन्द्रित गराउने र सहजकर्ताहरु शिक्षक निर्देशिकाले समेटिएका कुराहरु कार्यान्वय मात्र गर्ने हो भने पुग्छ।

**सिकाइ कहाँ र कसको कमजोर भयो ? विषयवस्तुसँग जोडेर नयाँ सिकाइमा कस्तो कदम चाल्नु भएको छ ?**

सिकाइको उपलब्धि व्यवहारमा कमजोरी भयो। शैद्धान्तिक रुपमा पठनपाठन गराइयो तर त्यो कुरा जीवनमा लागू भएन्। शिक्षाका २ ओटा राष्ट्रिय उद्देश्यहरु बारेमा कुरा गर्दा नागरिक सम्बन्धि जिम्मेवार, साक्षर र साक्षर नागरिक बनाउने जसले समाजको योगदान पुर्याउन सक्छ। आर्थिक सम्बन्धि दक्ष र योग्य जनशक्ति तयार गर्ने जसले देशको आर्थिक प्रगति र विकासमा योगदान दिन सकोस् यसमा आधारित पाठ्यक्रम बनेका छन्। हामीले त्यो पाठ्क्रम पढाएका छौं। तर हामीले पढाएका युवा विद्यार्थीहरु कहाँ छन्। देशमा कति योगदान दिएका छन् त्यो कुरा भन्नै पर्दैन्। यो त सानो उदाहरण मात्र हो। हाम्रो कुरा गर्नु हुन्छ भने मैले सबै शिक्षकलाई भनेको छु। हाम्रा विद्यार्थीले समाज चिन्नु पर्छ, आफ्नो देश चिन्नु पर्दछ।

सस्कार थाहा पाउनु पर्छ। परीक्षामा पनि त्यो सफल हुन्छ जसले आफुलाई अनुशासन अनि इमानमा राख्न सक्छ। पहिलो काम विद्यार्थीलाई हसाउँदै खेलाउँदै सस्कार र संस्कृति राष्ट्रियता प्रति, प्राकृतिक सम्पदा प्रति चिनारी र पहिचान राख्न सक्ने बनाउनुहोस्। त्यस्तो शिक्षा हाम्रा विद्यार्थीलाई दिनुहोस भनेको छु उहाँहरुले खुसी साथ त्यस्तै गराउदै हुनुहुन्छ। शिक्षामा परिवर्तन दिन रातमा आउदैन्। केहि समय पर्खनु पर्छ। पक्कै सकारात्मक नतिजा आउने छ।

**विद्यालयको भौतिक अवस्था कस्तो छ ? विगतमा भन्दा विद्यार्थीको सङ्ख्या कति गुणाले बढेको छ ?**

हाम्रो विद्यालयमा भौतिक अवस्थाको कुरा गर्दा सबैलाई कुनै न कुनै कुराको अभाव त भइहाल्छ। नमूना विद्यालय राज्यको ठुलो योगदान छ। त्यसैले भौतिक हिसावले हिजोको भन्दा विकास त भएको छ। विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठा पुग्ने सम्मको त बनेको छ। तर पनि आधुनिक प्रविधिमैत्री नमूना योग्य बनाउन सकिएको छैन्। यसलाई साच्चै नमुनाको रुपमा विकास गराउको लागि विगतको समीक्षा गर्दै सुधारउन्मुख बनाउनको लागि भूमे गाउँपालिकाका आधारणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, शाखाको कर्मचारी र भौतिक पूर्वाधार शाखा प्रमुख समेतले यो प्रति चासो र चिन्ता गर्नु भएको छ। त्यसकारण अबका दिनमा राम्रो र नमूना योग्य भौतिक पूर्वाधार बन्ने कुरामा कुनै दुई मत छैन। विद्यार्थी सङ्ख्यको कुरा गर्दा हिजोको विद्यार्थी सङ्ख्यामा फेरबदल आएको छैन। यो भनेको वृद्धि हो। समाजमा जन्मान्तर र बसाइसराईको प्रभाव पर्दा पर्दै पनि विद्यार्थी सङ्ख्यामा कमी नआउनु राम्रो सफलता नै हो जस्तो लाग्छ।

**अन्तमा के भन्नु हुन्छ ?**

भूमे गाउँपालिकाको कार्यालय भन्दा टाढा रहेको विद्यालयका कथाव्यथा सुनाउने अवसर प्रदान गर्नुभएकोमा भूमे साप्ताहिकका प्रमुख पात्र बालाराम शेर्पाली प्रति विद्यालय परिवार हार्दिक आभार व्यक्त गर्दछौं। यस्तै अवसरहरु आगामी दिनहरुमा प्रदान गर्ने गर्नु हुनेछ भन्ने अपेक्षा राख्दछौं। साथै सम्पूर्ण पाठकहरुलाई विद्यालयको कमीकमजोरि पत्ता लगाई हामीलाई सुझाव दिएमा विद्यालय परिवारले गल्ती सुधार्ने मौका पाउने छौं। धन्यवाद।

# उभेली र उधेली अन्तर्गत उधेलीमा मनाइने वाह्र भदौ

❖ तिलक रोका मगर



मानव जीवनको उत्पत्तीसंगै आफु वाँच्न, भोक टार्न, जंगलमा कण्दमुल र अन्य जडिबुटीका साथै घना जंगलहरुमा शिकार गरेर आफ्नो जीविकोपार्जन गर्ने क्रममा विभिन्न जडिवुटीहरु खान मिल्ने र खान नमिल्ने च्याउ, वनस्पति र फलफुल खानलाई परिक्षण गरे। परिक्षणको क्रममा कसैले ज्यान पनि गुमाए। जो पूर्खाको योगदानको कारण हामी आफ्नो शरीरलाई कुनै क्षती नगरी जंगलमा पाइने सवै चीज प्रयोग गर्न पाएका छौं।

## वाह्र भदौ

जव मानवको विस्तार हुँदै गयो, मानव त्रासका कारण वन्यजन्तु टाढा भागे। मानव बस्ति पनि जंगल भन्दा उब्जनी हुने ठाउँतिर वसाई सरे। अन्नजन्य र फलफुलले मात्र उनिहरुको आहारा पुरा भएन। मासुजन्य खाना खानको लागि शिकार गर्न जानु पर्ने भएकोले शिकार गर्न एक महिनालाई पुग्ने खाना बोकी बुकी जंगल र पाटन पुग्छन्। श्रावणको महिना श्रावणे सक्रान्ती मानेर निस्कीएका शिकारीहरु एक महिनासम्म शिकार गर्छन्। शिकार गर्न धनुष र वाणको सहायत लिएर गएका शिकारी विभिन्न वन्यजन्तु मारेर भदौमा घर फर्किन्थे। कुनै समय एक शिकारी वुकीमा एक महिना शिकार गर्दा पनि कुनै पनि शिकार उसको आहारामा आउदैनन्, अर्थात मार्न सक्दैन। उ निराश भएर घर फर्कन्छ, घर पुग्दा उसको श्रीमती वाहीर ढोकामा निस्कन्छिन्। आफुनो श्रीमानलाई नियाल्ने वित्तीकै शिकारी श्रीमानको मुखवाट आगोको मुस्लो निस्कन्छ। श्रीमती वेहोस भएर ढल्छिन् र उठ्न नसकी त्यही उनको मृत्यु हुन्छ। यसरी गाउँका जान्नेमान्ने जम्मा भएर नियाल्छन्, श्रीमान एकहोरीएको हुन्छ। गाउँका जान्ने मान्नेले उ एक महिनासम्म शिकार गएर शिकार गरेर कुनै शिकार आफ्नो आहारामा नपरे पछि घरमा आउदा आफ्नो श्रीमतीको पुरस खाएको र श्रीमतीको मृत्यु भएको भन्ने भनाई रहिआएको छ।

शिकारी जंगलमा शकार गर्न जंगल गए भने शिकार गरेर आउने शिकारीहरुलाई शिकार लिएर आवस या नलिएर उसलाई एउटा घर पालुवा कुखरा, सुंगुर जंगलबाट आउने वित्तीकै खान दिएपछि यो अनिष्ट हुँदैन भनि कुखुरा, सुगुर या वोको कुनैमा एक वाह्र भदौको दिनमा खाएर वाह्र भदौ मनाउने प्रचलन शुरुवात भएको कुरा वताउनु हुन्छ जान्कारहरु। जव वाह्र भदौ आउछ लेक, वुकी गएका पुरुषहरु घर आई कसैले कुखुरा कसैले सुंगुर र कसैले वोको घर भित्र नपस्दै वाहीरै घरका गृहीनीहरु ढोकाको संगारमै शिरमा पगरी र वटुकोमा रक्सी लिई हंस पुरस या आहारा मेटाउन मार वाहिरै मारेर भित्र प्रवेश गर्छन्।

यसरी घर पालुवा कुखुरा, सुंगुर खाएपछि घरमा कुनै पनि अनिष्ट नभएको र शिकारी खुशी भएको मानिन्छ। यसरी आजभोली पनि यदि वुकी गएको छैन भने पनि वाह्र भदौ मान्ने व्यक्तीलाई एक छिनको लागि वाहीर पठाएर उ आउने वेलामा मार तमतयार गरी माथीकै जस्तै कुखुरा खाएर वाह्र भदौ मनाउछन्। यसरी वाह्र भदौ मान्ने प्रचलन कालान्तर देखि नै मान्दै आएको वुझिन्छ। वाह्र भदौमा प्राय जसो एक घरमा एक जनाले मात्र मार खान्छन्।

तर आजभोली घरमा कति जना पुरुष छन् त्यति जनाले नै मानेको पनि कतै कतै पाइन्छ। एक पटक वाह्र भदौ मानेपछि अर्को पटक पनि मान्नै पर्ने चनल छ। किनभने उसको पुरसले एक वर्षको वाह्र भदौ कुरी रहेको हुन्छ। यदी उसले वाह्र भदौ मानेन भने विरामी हुन्छ भन्ने चलन छ।

## शिकारसँगै भदौ महिनामा ल्याउने जडिवुटीहरु

जब शिकार गर्न श्रावणको महिना वुकीतिर लाग्छन्। त्यहीवाट विभिन्न किसिमका जडिवुटी भदौ महिनामा खने वा टिपे मन्त्र लाग्ने हुन्छ। भदौमा लिएका जरमुथा सर, चमेली, निङ आदि मन्त्र तन्त्र लगाएत औषधीको रुपमा प्रयोग गरिन्छ। अझैपनि निङको प्रयोग गरेको पाईन्छ। वुकीवाट लिएका जडीवुटी र वगरमा हुने वाह्र भदौका दिन टिपेको वाह्र वोटको टिमुर औषधीको प्रयोग गरेको पाईन्छ। लेकवाट पुरुषले जडिवुटी लेयाउछन् भने वगरमा महिलाले टिमुर टिपेको पाईन्छ। यसको केही कथा माघीमा गाउने स्याम्वो गीतमा पनि गाएको पाईन्छ।

## INVITATION FOR BIDS

**Bhume Rural Municipality**
**Office Of The Rural Municipal Executive**
Khabangbagar,Rukum (East)
Lumbini Province,Nepal

***Invitation for Bids for the procurement and supply under the below mentioned contracts:***
**First Date of Publication: 2081/05/09 B.S (2024/08/25 A.D)**

1. ***Bhume Rural Municipality*** (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office ***BRMO Khabangbagar, Rukum (East)*** on or before ***12:00 Noon*** on ***2081/06/09 B.S (2024/09/25 A.D).*** Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***15:00 on 2081/06/09 B.S (2024/09/25 A.D). at*** the office of BRMO ***Khabangbagar, Rukum (East)***. Bids must be **valid** for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. ***Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East )*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Name of the Bank: Citizens Bank International Ltd. , Bhume branch
Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum(East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 Bhume Ga.Pa Aantarik Rajaswa Khata | GA 3 Bhume Ga.pa. Dharauti Khata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. The Name and identification no of the contracts are as follows.

| *S.N.* | *Description of Works* | *Contract ID* | *Estimated Amount (without VAT in NRs.)* | *Bid Document Fee (NRs.)* | *Bid Security Amount(NRs.)* |
|---|---|---|---|---|---|
| *1* | *Procurement and supply of Motorcycle for Bhume Rural Municipality* | EGP/BRMO/NCB/GMC-2/2081-082 | 23,71,720/-( Twenty Three lakh Seventy one thousand Seven Hundred Twenty Rupee only) | *3,000.00/- ( Three thousand only)* | *67,000/-( Sixty Seven thousand only)* |
| *2* | *Procurement and supply of Backhoe Loader for Bhume Rural Municipality* | EGP/BRMO/NCB/GBL-3/2081-082 | 50,00,000/-( Fifty lakh only) | *3,000.00/- ( Three thousand only)* | *1,25,000/-( One Lakh Twenty Five thousand only)* |

**Chief Administrative Officer**

Debilal B.K.
CHIEF ADMINISTRATIVE OFFICER